फोन नं.:०६८-५२०१२१
०६८-५२००२१
Email: iro-baglung@ird.gov.np
Google plus code: 7J72+46

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय, बागलुङ

पत्र संख्याः०८१/०८२
च.नं.:२०५४

वि.सः२०८१/११/०४
ने.सः१९४५

श्री घरपझोङ पाउँपालिका
गाउँ/नगर कार्यपालिकाको कार्यालय

विषयः आवश्यक सहजीकरण गरिदिनुहुन।

प्रस्तुत विषयमा आर्थिक ऐन,२०८१ ले तपशिल बमोजिमका छुट सुविधा उपलब्ध गराएको विषय पुनः स्मरण गराउदै त्यस पालिका अन्तर्गत दर्ता भई कारोबार गरिरहेका तर करको दायरामा आउन बाँकी करदाताहरुलाई करको दायरामा आउन तथा स्थायी लेखा नं लिएर पनि सबै/केही आ.व.हरुको आय विवरण पेश नगरी ननफाइलर भएका करदाताहरुलाई आय विवरण पेश गरी छुट सुविधामा सहभागी हुनको लागि यस कार्यालयबाट फोन, एस.एम.एस तथा अन्य विविध सञ्चार माध्यममार्फत पटक पटक ताकेता गरिएको व्यहोरा अनुरोध छ ।आर्थिक ऐन,२०८१ ले उपलब्ध गराएका छुट सुविधाहरुको समय सीमा २०८१ फाल्गुन मसान्त सम्म मात्र रहेको तर त्यस पालिका अन्तर्गत दर्ता भई कारोबार गरिरहेका ठुलो संख्यामा रहेका करदाताहरु अझै पनि करको दायरामा आउन/आय विवरण पेश गर्न बाँकि रहेको पाइएकोले आफ्नो पालिका भित्रका करदाताहरुलाई यथासिघ्र जानकारी गराई उक्त छुट सुविधा प्रासिको लागि सहजीकरण गरिदिनुहुन अनुरोध छ।साथै त्यस पालिका भित्र दर्ता भई स्थायी लेखा नं. लिएका तर केही/सबै आ.व.हरुको आय विवरण पेश नगरी ननफाईलर रहेका करदाताहरुको विवरण संलग्न Excel Sheet पत्र साथ पठाईएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

तपशिलः

१.कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर स्थायी लेखा नम्बर नलिएको भए त्यस्तो व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा व्याज मिनाहा हुनेछ ।

(२) उपदफा (१) बमोजिम आय विवरण र सो बमोजिम लाग्ने कर बुझाएमा सोभन्दा अधिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा व्याज बुझाउनु पर्ने छैन।

२. आय विवरण बुझाउन बाँकी करदातालाई छुट दिने सम्बन्धी व्यवस्थाः स्थायी लेखा नम्बर लिई आय विवरण बझाउन बाँकी रहेको करदाताले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको पच्चीस प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी व्याज मिनाहा हुनेछ।

३.मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातालाई छुट दिने सम्बन्धी व्यवस्थाः संवत् २०८० साल असार मसान्तसम्मको मुल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले आफूले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम संवत् २०८१ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी व्याज मिनाहा हनेछ।

०८१/११/०४
मोहन प्रसाद आचार्य